☎:०१-६६१९६२५

स्थानीय सरकार

# सूर्यविनायक नगरपालिका
# Suryabinayak Municipality

नगर कार्यपालिकाको कार्यालय

Office of Municipal Executive

कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल

Katunje, Bhaktapur, Bagmati Province, Nepal

पत्र संख्याः ०८२।८३

चलानी नं.: १८२५

मितिः २०८२/१०/०७

ने स ११४६ सिल्लाथ्व ३

श्री वडा कार्यालय सबै
सूर्यविनायक नगरपालिका
कटुञ्जे, भक्तपुर।

विषयः राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धमा।

प्रस्तूत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं २३७ को मिति २०८२/१०/०४ को प्राप्त पत्रानुसार वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमामा उद्यम गरी बसेका उद्यमीहरुलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने भनी लेखिआएको हुँदा उक्त सुचनाको छायाँप्रति यसैसाथ संलग्न राखी आवश्यक जानकारीका लागि अनुरोध छ।

..............................

युवराज आचार्य

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: २३७

मिति: २०८२/१०/०४

नेपाल संवत् ११४६

विषय: वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धमा।

श्री गाउँपालिका, (सबै)।

श्री नगरपालिका, (सबै)।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सूचना प्रविधि तथा तथ्याङ्क शाखाको प.सं. २०८२/०८३, च.नं. २८, मिति २०८२/१०/०२ को वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी पत्र र सोसाथ प्राप्त सूचना आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

..................

(दिपेन्द्र पाण्डे)

शाखा अधिकृत

बोधार्थ:

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सूचना प्रविधि तथा तथ्याङ्क शाखा, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखा: Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईट:- www.mofaga.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(सूचना प्रविधि तथा तथ्याङ्क शाखा)

पत्र संख्या:- ०८२/८३
चलानी नं.:- २८

सिंहदरबार, काठमाडौं
नेपाल ।

मिति : २०८२।१०।०२

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषय :- सूचना टाँस तथा वेवसाइटमा अपलोड सम्वन्धमा।

उपर्युक्त सम्वन्धमा यस मन्त्रालयको चालु आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम वैदेशिक रोजगारवाट फर्की नेपालमा उद्यम गरेका उद्यमीहरूको लागि राष्ट्रिय पुरस्कार सम्वन्धी गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२।१०।०२ गते प्रकाशित आवेदन दिने सूचना पाना-एक यसैसाथ संलग्न छ। उक्त सूचना आ-आफ्नो निकायको सूचना पाटीमा टाँस तथा वेवसाइटमा समेत अपलोडको व्यवस्था हुन तहाँ मन्त्रालयवाट ७५३ स्थानीय तहहरू र अन्तर्गतका वडा कार्यालयहरूलाई पत्राचारको लागि समन्वय एवम् सहजीकरण हुन मिति २०८२।०९।२५ को निर्णयानुसार अनुरोध छ।

२०८२/१०/०२

(जंग बहादुर राई)
शाखा अधिकृत

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोन:- ११४१, ईमेल:- admin@moless.gov.np/info@moless.gov.np, वेब साईट:- www.moless.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं

अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२।१०।०२

वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरूलाई उनीहरूको योगदानको कदरस्वरूप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिने पुरस्कारका लागि देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले **"विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६"** को अनुसूची २ अनुसारको आवेदन फाराम भरी खामबन्दी गरी तपसिलमा उल्लिखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१(एक्काइस) दिन (मिति २०८२।१०।२२) भित्र यस मन्त्रालयको सूचना प्रविधि तथा तथ्याङ्क शाखामा दर्ता गराउन वा स्क्यान गरी मन्त्रालयको इमेल ठेगाना info@moless.gov.np मा पठाउनु हुन अनरोध गरिन्छ। आवेदनको फाराम र सो सम्बन्धी कार्यविधि यस मन्त्रालयको वेवसाइट www.moless.gov.np बाट Download गर्न सकिनेछ। थप जानकारीका लागि www.moless.gov.np हेर्नुहुन वा फोन नं. ९८४३७२५००० मा सम्पर्क गर्नुहुन अनरोध छ।

| आवश्यक योग्यता | अनुसूची फाराम २ साथ संलग्न गर्नुपर्ने कागजात (प्रतिलिपिको हकमा स्वयं प्रमाणित गर्नुपर्ने) |
|---|---|
| १. कार्य भिसामा विदेश गई कम्तीमा १ वर्ष काम गरी फर्किएको,<br>२. वैदेशिक रोजगारीबाट नेपाल फर्की व्यवसाय सञ्चालन गरेको न्यूनतम १ वर्ष पूरा भएको,<br>३. विगत ५ वर्षभित्र यस मन्त्रालयबाट यस प्रकारको पुरस्कार प्राप्त नगरेको। | १. नेपाली नागरिकताको प्रतिलिपि,<br>२. श्रम स्वीकृतिको प्रतिलिपि,<br>३. भिसा सहितको राहदानीको प्रतिलिपि,<br>४. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>५. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>६. गत आ.व. २०८१।०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>७. यस अघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा। |

पुनश्चः १. विगत वर्षहरूमा यस प्रकारको पुरस्कारको लागि आवेदन पेस गरेका तर पुरस्कारको लागि छनौटमा नपरेका उद्यमीहरूले समेत आवेदन दिन सक्नेछन्।

२. उद्यमी पुरस्कारको लागि छनौट गर्दा; रोजगारी सिर्जना, पूँजी लगानी, स्थानीय साधन, स्रोत र प्रविधिको प्रयोग, उत्पादन निर्यात गरेको, सामाजिक दायित्व वहन, वातावरणमैत्री प्रविधि प्रयोग तथा प्रदुषण व्यवस्थापन र उद्यम सञ्चालन गरेको भौगोलिक क्षेत्रलाई आधार लिई मूल्याङ्कन गरिने हुँदा यी आधारहरू पुष्ट्याई हुने प्रमाणित कागजातहरू समेत संलग्न गर्नुहुन सूचित गरिन्छ।

(गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना)